नबिलको निःशुल्क शिविरमा ६५ बिरामीको जलन उपचार

धनगढी/ कैलालीको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा तीनदिने 'नबिल निःशुल्क जलन उपचार शिविर' सम्पन्न भएको छ। १२ देखि १४ फागुनसम्म सञ्चालन भएको उक्त शिविरमार्फत ६५ जना जलनका बिरामीले निःशुल्क उपचार पाएको बैंकले जनाएको छ।

शिविरमा आएका २० जना बिरामीको सेती प्रादेशिक अस्पतालमै वरिष्ठ चिकित्सकले शल्यक्रिया गरेका थिए भने जटिल किसिमका १८ जना बिरामीलाई काठमाडौंको साँखुस्थित सुषमा कोइराला मेमोरियल अस्पतालमा रिफर गरिएको छ।

नबिल बैंक, सुषमा कोइराला मेमोरियल अस्पताल र सेती प्रादेशिक अस्पतालको संयुक्त आयोजनामा आयोजित उक्त शिविरमा सुदूरपश्चिम प्रदेशका विभिन्न ठाउँबाट बिरामी उपचारका लागि आएका थिए। लामो समयदेखि उचित उपचार तथा शल्यक्रियाको पर्खाइमा रहेका तथा विपन्न र आर्थिक अवस्था कमजोर भएका बिरामीले शिविरमा निःशुल्क उपचार पाएका थिए।

शिविरमा आएकी दुर्गा पाण्डेले शिविरमार्फत आफूले राम्रो सेवा पाएको बताइन्। उनले शिविरमा पाँच वर्षकी छोरीको घाँटीको शल्यक्रिया गराइन्। दुई वर्षअघि तेलले पोलेर घाँटीमा समस्या भएको थियो। 'विशेषज्ञ डाक्टरद्वारा तेलले जलेको घाउको सफलतापूर्वक शल्यक्रिया भयो। यस्तो सुविधा पाउँदा आयोजकलाई धन्यवाद दिन चाहन्छु,' उनले भनिन्।

सुषमा कोइराला मेमोरियल अस्पतालका प्राडा ईश्वर लोहनीको नेतृत्वमा विशेषज्ञ चिकित्सकको टोलीले शिविरमा सेवा प्रदान गरेका थिए। 'जटिल किसिमका बिरामी, जसलाई सघन उपचारको जरुरी थियो, हामीले उहाँहरूलाई काठमाडौंस्थित हाम्रो अस्पतालमा रिफर गरेका छौं,' प्राडा लोहनीले जानकारी दिए।

नेपालमा जलनका घटनासम्बन्धी समस्या ठुलो भएको उल्लेख गर्दै प्राडा लोहनीले पीडितले समयमा उपचार नपाउने, धामी-झाँक्रीकहाँ देखाउने आदिले गर्दा घाउ अझै बढ्ने र थप समस्या आउने बताए। शिविरले मानिसलाई उचित उपचारबारे सचेत गरेको र भविष्यमा यस्ता कार्यक्रमले विपन्न वर्गका मानिसलाई अझ लाभान्वित गर्ने उनको भनाइ थियो। आगो ताप्ने क्रममा दुवै हात जलेका ४२ वर्षीय भरत लुहारलाई थप उपचारका लागि काठमाडौं रिफर गरिएको छ।

सिटिजन्स बैंक र मेदान्त हस्पिटलबिच छुट सम्झौता नवीकरण

काठमाडौं/ सिटिजन्स बैंक र भारतस्थित मेदान्त द मेडिसिटी अस्पतालबिच छुट सम्झौता नवीकरण गरिएको छ। सिटिजन्स बैंकका कार्डवाहक ग्राहकलाई अस्पतालको सेवा शुल्कमा १५ प्रतिशतसम्म छुट दिनेसम्बन्धी समझदारीपत्रमा पुनः हस्ताक्षर भएको बैंकले जनाएको छ। समझदारीपत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले हस्ताक्षर गरेका हुन्।

यसअघि प्रदान गरिएको छुट सुविधा केवल मेदान्त, गुडगाउँमा मात्र लागू हुँदै आएको थियो। नयाँ सम्झौतापछि उक्त छुट सुविधा मेदान्तअन्तर्गतका मेदान्त नोएडा, मेदान्त सुपर स्पेसियालिटी अस्पताल, लखनउ, जय प्रभा मेदान्त सुपर स्पेसियालिटी अस्पताल, पटना, मेदान्त सुपर स्पेसियालिटी अस्पताल, इन्दौर, मेदान्त अब्दुर रज्जाक अन्सारी मेमोरियल विभर्स अस्पताल, राँची र मेदान्त अस्पताल, राँचीमा तथा पाँच मेडिक्लिनिकबाट समेत उपलब्ध हुने भएको छ।

आगामी दिनमा पनि ग्राहकलाई थप लाभान्वित गर्न बैंकले सहकार्यलाई पुनः निरन्तरता दिएको छ। सहकार्यले सिटिजन्स बैंक र मेदान्त द मेडिसिटी हस्पिटलबिचको सम्बन्ध अझ सशक्त भएको तथा भारतमा स्वास्थ्य उपचार गराउन जाने बैंकका ग्राहकलाई उपचारका क्रममा थप सहज सेवा प्राप्त हुने विश्वास बैंकले लिएको छ।

बैंकले देशैभरि ६१ जिल्लामा फैलिएका दुई सय शाखा, १६९ एटिएम, तीन विस्तारित काउन्टर र ४२ वटा शाखारहित बैंकिङ एकाइबाट आधुनिक सेवा प्रदान गर्दै आएको छ।

बागमती विश्वविद्यालयमा बिमासम्बन्धी नयाँ कोर्स

काठमाडौं/ बागमती प्रदेश विश्वविद्यालयले नेपालमै पहिलोपटक बिमासम्बन्धी औपचारिक अध्यापन सुरु गर्ने भएको छ। बागमती प्रदेश विश्वविद्यालयले स्नातकोत्तर तहमा 'मास्टर अफ रिस्क एन्ड इन्स्योरेन्स म्यानेजमेन्ट' (एमआरआइएम) कार्यक्रम सुरु गरेको हो।

नेपालमा यसअघि त्रिभुवन विश्वविद्यालयले स्नातक तहमा बिमाको अध्यापन सुरु गरे पनि बिमाको विषयमा छुट्टै शैक्षिक कार्यक्रम थिएनन्। हालै स्थापना भएको बागमती प्रदेश विश्वविद्यालय भने 'मास्टर अफ रिस्क एन्ड इन्स्योरेन्स म्यानेजमेन्ट' कार्यक्रम सुरु गरेको हो।

एमआरआइएम चार सेमेस्टरको स्नातकोत्तर कार्यक्रम हो। जोखिम व्यवस्थापन, बिमा, पुनर्बिमा, एक्चुरियल आधार, तथ्यांक विश्लेषण तथा नियामकीय संरचनाजस्ता विषयमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यसहित यो कार्यक्रम सुरु गरिएको विश्वविद्यालयका डिन गंगाराम विश्वकर्माले जानकारी दिए।

Sindhu Bikash Bank Ltd.
सिन्धु विकास बैंक लि.
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
सधैं.......तपाईंसँग

प्रधान कार्यालय- बाह्रबिसे, सिन्धुपाल्चोक, नेपाल।
कर्पोरेट कार्यालय- बनेपा, काभ्रेपलाञ्चोक।
फोन नं.: ०११-६६२३४०/४१/५१
Email: info@sindhubank.com.np

सिन्धु विकास बैंकको १६ औं वार्षिक साधारणसभा बस्ने बारे सूचना

(प्रकाशित मिति २०८२/११/१७ गते)

आदरणीय शेयरधनी महानुभावहरु

यस विकास बैंकको मिति २०८२ फाल्गुन १५ गते शुक्रबारको दिन सम्पन्न हुने भनिएको १६ औं वार्षिक साधारण सभामा आवश्यक गणपुरक संख्या नपुगेर साधारणसभा स्थगित भएकोले स्थगित भएको उक्त १६ औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा पुर्वनिर्धारित छलफलका विषयहरुमा छलफल गर्नेगरी राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशित गरी सोही साधारण सभा पुनः बोलाउने भनि यस विकास बैंकको सञ्चालक समितिको मिति २०८२ फाल्गुन १५ गते शुक्रबार बसेको ४७५ औं बैठकको निर्णय बमोजिम सम्पूर्ण शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान

मिति : २०८२ साल फाल्गुन २९ गते शुक्रबार, (तदनुसार १३ मार्च, २०२६)

समय : विहान १०:०० बजे

स्थान : अरनिको पार्टी प्यालेस, बनेपा, काभ्रेपलाञ्चोक।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

नोट: वार्षिक साधारणसभामा भौतिक रुपमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ। हाजिरी पुस्तिका विहान ९ बजे देखि सभा चालु रहुन्जेलसम्म साधारणसभा हुने हलको बाहिर पट्टी खुल्ला रहनेछ।

आन्दोलनको क्षतिपछि पोखराको एनसेल सेन्टर पुनः सञ्चालनमा

कास्की/ पोखराको सिर्जना चोकमा रहेको एनसेल सेन्टर पुनः सञ्चालनमा आएको छ। जेन-जी आन्दोलनका क्रममा तोडफोडबाट क्षति पुगेपछि यो एनसेल सेन्टर बन्द थियो। मर्मत-सम्भारपश्चात् पुनः सञ्चालनमा ल्याइएको सेन्टरको बिहीबार एक कार्यक्रमबिच उद्घाटन गरिएको हो।

एनसेलकी ग्राहक सेवा प्रबन्धक ज्योति दाहाल र पोखरा नुडल्सका एचआर अफिसर यमप्रसाद गौतमले एनसेल सेन्टरको उद्घाटन गरेका हुन्। सेन्टरमा क्षति पुगेर बन्द भएपछि कम्पनीले अस्थायी रूपमा ग्राहक सेवा एक तलामाथि रहेको कार्यालयबाट प्रदान गर्दै आएको थियो।

कम्पनीले आफ्ना ग्राहकलाई एकै स्थानबाट विभिन्न सेवा प्रदान गर्दै विश्वस्तरीय सेवा-सुविधाको अनुभव प्रदान गर्ने उद्देश्यका साथ सेन्टर पुनः सञ्चालनमा ल्याएको जनाएको छ। यो सेन्टरबाट ग्राहकले सबै ग्राहक सेवा प्राप्त गर्न सक्नेछन्।

पोखरा एनसेल सेन्टरको पुनः सञ्चालनले ग्राहकलाई स्थानीय रूपमा विश्वस्तरीय सेवा प्रदान गर्न कम्पनी सधैं प्रतिबद्ध रहेको पुष्टि गर्ने एनसेलको दाबी छ। ग्राहक सेवालाई अझ सहज र गुणस्तरीय बनाउन एनसेलले देशका विभिन्न भागमा ३१ वटा एनसेल सेन्टर सञ्चालन गर्दै आएको छ।

बुद्धभूमी नेपाल हाईड्रोपावर कम्पनी लिमिटेड
मुख्य कार्यालयः पानीपोखरी, महाराजगञ्ज, काठमाडौं
फोन नं. ०१-४५३०१५०, ईमेलः info@buddhabhumi.com
वेबसाईट : www.buddhabhuminepalhydro.com.np

कम्पनीका संचालक लगायत आधारभूत शेयरधनीहरुलाई हकप्रद बापतको रकम जम्मा गर्ने समयावधि थप गरिएको बारे अत्यन्त जरुरी सूचना

(प्रथम प्रकाशित मिति २०८२ फागुन २ गते)
(दोश्रो प्रकाशित मिति २०८२ फागुन १७ गते)

यस कम्पनीको हाल कायम चुक्ता पूँजी रु. ४०,००,००,०००/- (चालीस करोड) को १:१ को अनुपातमा रु. ४०,००, ००,०००/- बराबरको विद्यमान शेयरधनीहरूलाई हकप्रद शेयर निष्काशन गर्न नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त भएकोले सर्वसाधारण शेयरधनीहरूका लागि हकप्रद शेयर आवेदन खुल्ला गर्नु पुर्व धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को निर्देशन नं. १२ (४) बमोजिम संचालक लगायत आधारभूत (चुक्ता पूँजीको १ प्रतिशत र सो भन्दा बढी शेयर धारण गर्ने) शेयरधनीहरूले आफुले लिनुपर्ने हकप्रद शेयर वापतको रकम बुझाउनु पर्ने व्यवस्था रहेको हुनाले आफ्नो हक हिस्सामा पर्न आउने हकप्रद शेयर बापतको प्रति शेयर रु. १००/- को दरले हुन आउने रकम मिति २०८२ फागुन २३ गते बैंकिङ्ग समयभित्र जम्मा गर्न समयावधि दिईएकोमा सो समयमा लामो सार्वजनिक विदा पर्न गएको हुनाले शेयरधनी महानुभावहरूको मागलाई मध्यनजर गरि हकप्रद शेयर वापतको रकम बुझाउने अन्तिम मिति २०८२ चैत्र २ गते बैंकिङ्ग समयभित्र जम्मा गरि दिनुहुन अनुरोध गरिन्छ। यदि कुनै सञ्चालक लगायत आधारभुत शेयरधनीहरूबाट हकप्रद शेयरको लागि आवेदन सहितको रकम प्राप्त नभएमा नियमानुसार हुने व्यहोरा समेत अनुरोध गर्दछौं।

हकप्रद शेयर बापतको रकम दाखिला गर्ने बैंक खाताको विवरण	
बैंकको नाम	: NIC Asia Bank Ltd
खाताको नाम	: NIC ASIA CAPITAL-BUDDHABHUMI RIGHT SHARE
खाता नं.	: 0544454451025732
खाता रहेको शाखा	: Thapathali

नबिल बैंक लिमिटेड, विराटनगर शाखा, मोरङ्गको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८२/११/१७)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८२/०१/३१ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा** प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुले को दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा विराटनगर शाखा, मोरङ्ग**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

	तपसिल
१	**ऋणीको नाम र ठेगानाको विवरण**
	मान बहादुर पौडेलकी छोरी, गोवर्धन लामिछानेकी बुहारी, राजेश लामिछाने क्षेत्रीकी श्रीमती, मोरङ जिल्ला विराटनगर उ.म.न.पा. वडा नं ०३ स्थायी घर भई हाल मोरङ जिल्ला विराटनगर म.न.पा वडा नं ०५ बस्ने, ना.प्र.नं. ८०७७१ (जारी मितिः २०६३/०८/०४, स्थान मोरङ) भएकी **लक्ष्मी लामिछाने।**
	व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण
	पुर्ण बहादुर लामिछानेको नाति, गोवर्धन लामिछानेको छोरा, मोरङ जिल्ला विराटनगर न.पा वडा नं ०६ स्थायी घर भई हाल मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं ०५ बस्ने, ना.प्र.नं. १४४७७ (जारी मितिः २०४५/१२/२७, स्थान मोरङ) भएको **राजेश लामिछाने क्षेत्री।**
२	**ऋणी फर्म र फर्मका प्रोपाइटरको नाम र ठेगानाको विवरण**
	प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरमा मिति २०७८/०५/०४ मा प्रा.फ.र.नं. ३६०८३/०७८/७९, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **जय श्री शुभ लक्ष्मी स्टोर।** ठेगानाः मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ०५। **ऋणी फर्मका प्रोप्राइटरको विवरणः** मान बहादुर पौडेलकी छोरी, गोवर्धन लामिछानेकी बुहारी, राजेश लामिछाने क्षेत्रीकी श्रीमती, मोरङ जिल्ला विराटनगर उ.म.न.पा. वडा नं ०३ स्थायी घर भई हाल मोरङ जिल्ला विराटनगर म.न.पा वडा नं ०५ बस्ने, ना.प्र.नं. ८०७७१ (जारी मितिः २०६३/०८/०४, स्थान मोरङ) भएकी **लक्ष्मी लामिछाने।**
	ऋणी फर्मका व्यक्तिगत जमानतकर्ताको विवरण
	पुर्ण बहादुर लामिछानेको नाति, गोवर्धन लामिछानेको छोरा, मोरङ जिल्ला विराटनगर न.पा वडा नं ०६ स्थायी घर भई हाल मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं ०५ बस्ने, ना.प्र.नं. १४४७७ (जारी मितिः २०४५/१२/२७, स्थान मोरङ) भएको **राजेश लामिछाने क्षेत्री।**
	संयुक्त धितोको विवरण
	मोरङ जिल्ला विराटनगर उ.म.न.पा. वडा नं ०३ स्थायी घर भई हाल मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं ०५ बस्ने **लक्ष्मी लामिछाने**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला बखरी गा.वि.स. वडा नं ०८ नक्सा सिट नं. ८ख मा अवस्थित कि.नं. २२६ र ५४७ क्षेत्रफल क्रमशः ०-०-१०-० र ०-०-१-० बिघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्बदेज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा विराटनगर शाखा, मोरङ्ग**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१२/०१ गते ५:०० बजे भित्र यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा विराटनगर शाखा, मोरङ्ग**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१२/०२ गते ३:०० बजे बैंकको **विराटनगर शाखा, मोरङ्ग**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेन्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **विराटनगर शाखा,** मोरङ्गमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

Madan Bhandari Academy of Health Sciences, Hetauda Hospital

Invitation for Bids

Date of First Publication: Sunday, 17th Falgun 2082 (1st March 2026)

Madan Bhandari Academy of Health Sciences, Hetauda Hospital invites electronic bids from eligible bidders for the below mentioned activities in Madan Bhandari Academy of Health Sciences, Hetauda Hospital under National Competitive Bidding (SQ and NCB). Eligible Bidders may obtain further information at the office of Madan Bhandari Academy of Health Sciences or may visit PPMO website: *www.bolpatra.gov.np/egp*

S. No.	Notice No.	Tender Description	Bid Document Fee	Bid Security	Last date of Bid submission	Bid opening date
1.	MBAHS/HH/ SQ/ PHYSIO/ 2082/083-006	Procurement of Supply, Delivery and Installation of Physiotherapy Equipments for MBAHS, Hetauda Hospita	Rs.1000.00	Rs.50,000.00	(2082/12/02) 2026/03/16 (12:00 hours	(2082/12/02) 2026/03/16 13:00 hours
2.	MBAHS/HH/ GOODS/ SURGICALITEMS/ NCB/ 1S1E/ 2082/83-22	The Procurement of Supply and Delivery of Surgical Items for MBAHS, Hetauda Hospital	Rs.5000.00	Minimum of NRs. 415,000, 185,000, 125,000, 440,000 and 225,000 for Package I-IV respectively	(2082/12/17) 2026/03/31 12:00 hours	(2082/12/17) 2026/03/31 13:00 hours

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office, Surkhet

Road Division Jumla

INVITATION FOR BIDS

Notice No. 082/83-06

First Date of Publication: 2082/11/17 (1st March, 2026)

Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Road Division, Jumla, Khalanga invites Open Competitive electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

S.N.	Contract ID	Description and Location of work	Bid Document Fee (NRs.)	Bid Security Amount (NRs)	Average Annual Construction Turnover (NRs.)	Bid Capacity (NRs.)	Bid Validity Period/ Bid Security Validity
1.	*RDJML/ 33701115/ 082/83-22*	**Road Improvement & Upgrading Works Including Structural Works Along Nagma (Ch:-0+000) To Dewar Gaun (Ch:-15+000) Section of Nagma - Gamgadhi Road (NH-60) Kalikot and Jumla.**	*20,000*	*2,00,00,000*	*488 million*	677 million	120 days/ 150 days

Activity	Date	Time
Submission of Bid	2082/12/17 (31th March, 2026)	12:00 hours
Opening of Bid	2082/12/17 (31th March, 2026)	13:00 hours

Eligible Bidders may refer complete set of Bid Documents for further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board of Road Division Jumla, or PPMO Website :- www.bolpatra.gov.np/egp

Division Chief